// स्थानीय राजपत्र

## मायादेवी गाउँपालिका, रुपन्देहीद्वारा प्रकाशित

खण्डः ९ संख्याः ०२ मितिः २०८२/०१/१५

### भाग - २

### स्थानीय सरकार

### मायादेवी गाउँपालिका, रुपन्देहीको सूचना

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम मायादेवी गाउँपालिकाको, गाउँ कार्यपालिकाले बनाएको तल उल्लेख भए बमोजिमको **"महिला स्वास्थ्य स्वयंसेविका (सेवा तथा सुविधा) सम्बन्धी कार्यविधि, २०८२"** सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# महिला स्वास्थ्य स्वयंसेविका (सेवा तथा सुविधा) सम्बन्धी कार्यविधि, २०८२

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८२।०१।१२

**प्रस्तावनाः**

संविधान प्रदत्त स्वास्थ्य सम्बन्धी अधिकारलाई सबै नागरिकले उपभोग गर्न पाउने अवसरको सिर्जना गर्न जारी भएको राष्ट्रिय स्वास्थ्य नीति, २०७६ को बुँदा नं. ६ मा स्वयंसेवाको अवधारणालाई विकास गर्दै महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको परिचालन तथा व्यवस्थापन स्थानीय तहबाट गर्न निर्देशन गरेको छ। गाउँपालिका क्षेत्रमा मातृ मृत्यदर, शिशु मृत्युदर तथा बाल मृत्युदरमा आएको कमीमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको सक्रिय भूमिकालाई उच्च मूल्याङ्कन गर्दै समुदायमा सचेतना अभिवृद्धि एवं स्वास्थ्य सेवा प्रवाहको लागि सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुलाई उत्प्रेरित गर्नका लागि थप सेवा सुविधा प्रदान गर्न आवश्यक देखिएकोले स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी मायादेवी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले यो कार्यविधि बनाई जारी गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम **"महिला स्वास्थ्य स्वयंसेविका (सेवा तथा सुविधा) सम्बन्धी कार्यविधि, २०८२"** रहेको छ ।

(ख) यो कार्यविधि मायादेवी गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) **"कार्यविधि"** भन्नाले "महिला स्वास्थ्य स्वयंसेविका (सेवा तथा सुविधा) सम्बन्धी कार्यविधि, २०८२" सम्झनु पर्दछ ।

(ख) **"छनौट"** भन्नाले पहिलो पटक वा पूनः तोकिएको प्रक्रिया र विधि पूरा गरि छनौट भएको योग्य व्यक्ति सम्झनु पर्दछ ।

(ग) **"विदाई"** भन्नाले महिला स्वास्थ्य स्वयंसेविकाको रुपमा स्वयंसेवी भावना एवं मर्यादाका साथ काम गरी सेवाबाट अलग भएको भन्ने सम्झनु पर्दछ।

(घ) **"स्वयंसेविका"** भन्नाले स्थानिय स्वास्थ्य आमा समूहद्वारा छनौट गरिएको, निश्चित अवधिसम्म स्वयंसेवक भई कार्य गर्न तत्पर भएका, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा निर्धारित पाठयक्रमलाई आधार मानी सम्बन्धित प्रदेशले तयार गरेका पाठयक्रम अनुसार तालिम प्राप्त गरी स्थानिय स्वास्थ्य संस्थाद्वारा प्रदान गरिने विभिन्न स्वास्थ्य कार्यक्रमहरुमा सहयोग पुऱ्याउने स्वयंसेवी महिलालाई जनाउँछ। साथै यस शब्दले आमा समूहबाट छनौट भई तालिम लिन बाँकी रहेका स्वयंसेवी महिला समेतलाई सम्झनु पर्दछ।

## परिच्छेद २
## स्वयंसेविका छनौट तथा बिदाई एवं सेवा रद्दसम्बन्धी व्यवस्था

**३. <u>स्वयंसेविका छनौटः</u>**

(१) स्वयंसेविकाको छनौट संघिय सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको निर्देशिकाको देहायको प्रावधान बमोजिम हुनेछः

(क) तोकिएको कार्यक्षेत्रमा स्थायी बसोबास गरेको हुनु पर्ने,

(ख) कम्तीमा ५ वर्ष सेवा गर्न ईच्छुक रहेको प्रतिबद्धता गरेको हुनुपर्ने,

(ग) समाज सेवा गर्न ईच्छा भएको,

(घ) २५ वर्ष उमेर पुरा भई ४५ बर्ष ननाघेको,

(ङ) राजनीतिमा नलागेको र कुनै पनि राजनीतिक पदमा बहाल नरहेको,

(च) कुनै पनि लाभको पदमा बहाल नरहेको र

(छ) कम्तीमा SLC वा SEE उत्तीर्ण गरेको ।

(२) लोपोन्मुख, आदिवासी र दलित वर्गलाई प्राथमिकता दिईने ।

**४. <u>स्वयंसेविकाको बिदाईः</u>**

(१) दफा ३ अनुसार छनौट र कार्यरत रहेका स्वयंसेविकाको देहायका अवस्थामा सेवाबाट बिदाई हुनेछः

(क) राजिनामा दिएमा,

(ख) ६० वर्ष उमेर पूरा भएमा,

(ग) स्वयंसेविकाले आमा समूह सेवा छाड्ने इच्छा जाहेर गरी बिदाई लिएमा,

(घ) प्रत्येक पाँच वर्षमा आमा समूहबाट पूनः छनौट नभएमा,

(ङ) राजनैतिक एवं कुनै पनि सरकारी वा अन्य संघ संस्थाको वैतनिक पदमा नियुक्ती वा मनोनयन लिएमा,

(च) तोकिएको भौगोलिक क्षेत्रमा घर ठेगाना रही ९० प्रतिशत भन्दा कम अवधि वसोवास गरेको अवस्था रहेमा ।

५. <u>स्वयंसेविकाको सेवा रद्ध गरिनेः</u>

(१) स्वयंसेविकाको सेवा दहायका अवस्थामा रद्ध गरिनेछः

(क) स्वयंसेवी भावना तथा आचरण बमोजिम कार्य नगरेको पाईएमा,

(ख) भ्रष्टचार, अनुशासनको उल्लङ्गन तथा नैतिक पतन देखिने कार्य गरेमा,

(ग) जनप्रतिनिधि भई वा कर्मचारीको रुपमा कहि कतैबाट दैनिक ज्यालादारी, करार र स्थायी नियुक्ती लिई सेवा सुविधा वा तलब स्केलमा रहेको पाईएमा ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै स्वयंसेविकाले विना सूचना चार महिना सम्म लगातार मासिक बैठकमा अनुपस्थित भएमा स्वतः सेवा रद्ध हुनेछ ।

## परिच्छेद ३
## सेवा सुविधा समबन्धी व्यवस्था

६. <u>सेवा तथा सुविधाः</u>

(१) स्वयंसेविकाले कुनै पनि किसिमको तलब तथा अन्य सुविधा दाबी गर्न पाउने छैनन् । सेवा सुविधा बैंक मार्फत उपलब्ध गराईनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि स्वयंसेविकाले मासिक रुपमा आमा समूहको बैठक संचालन, मासिक बैठकमा उपस्थिति, खोप क्लिनिक तथा समुदायमा सहयोग जस्ता क्रियाकलापमा उत्प्रेणाको लागि अनुसूचि-१ अनुसारको सेवा सुविधा प्रदान गरिनेछ । नेपाल सरकारबाट निश्चित स्वयंसेविकालाई पोशाक खर्च उपलब्ध हुने र कार्यरत मध्ये उपलब्ध नहुनेको हकमा गाउँपालिकाले पोशाक खर्च उपलब्ध गराउने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिकएको भएता पनि दफा ५ बमोजिम सेवा रद्ध भएको अवस्थामा कुनै पनि प्रकारको सेवा सुविधा उपलब्ध गराईने छैन ।

## परिच्छेद ४
## विविध

**७. <u>अन्य छुट विषय सम्बन्धीः</u>**

यस कार्यविधिमा उल्लेख नभएका वा समावेस नभएका विषयका सम्बन्धमा मायादेवी गाउँपालिका, गाउँ कार्यपालिकाको निर्णय र प्रचलित कानून बमोजिम हुनेछ।

**८. <u>समिति सूचीकृत हुनुपर्नेः</u>**

(१) यो कार्यविधि प्रारम्भ हुनु भन्दा अघि तत्काल प्रचलित कानुन बमोजिम दर्ता भई वा नभई स्थापना भइरहेका समितिले पनि यो कार्यविधि प्रारम्भ भएको मितिले ६ (छ) महिनाभित्र यो कार्यविधि बमोजिम सूचीकृत गरी दर्ता गराउनु पर्नेछ। सूचीकृत दर्ता हुनको लागि गत आ.व. सम्मको लेखा परीक्षण प्रतिवेदन र साधारण सभाको निर्णय अनिवार्य रूपमा पेश गर्नुपर्नेछ।

**९. <u>संशोधन तथा खारेजी::</u>**

मायादेवी गाउँपालिका, गाउँ कार्यपालिकाले यस कार्यविधिमा आवश्यक संशोधन तथा खारेजी गर्नेछ ।

# अनुसूची-१

(दफा ६ को उपदफा (२) सँग सम्बन्धित)

**स्वयंसेविकाले पाउने सुविधा**

| क्र.सं. | क्रियाकलाप | वर्ष/महिना/पटक | दर | कैफियत |
|---|---|---|---|---|
| १ | स्वयं सेवा सम्मान बिदाई खर्च | २० वर्ष भन्दा बढी अवधि सेवा गरेका | रु. ५०,०००।- | एकमुष्ठ |
| | | २० वर्ष भन्दा कम अवधि सेवा गरेका | प्रति वर्ष रु.२,०००।- का दरले | |
| २ | मासिक बैठक एवं खोप कार्यक्रम लगायतको लागि यातायात खर्च | प्रति महिना | रु. १,२००।- | |
| ३ | वार्षिक चाड पर्व खर्च | प्रति वर्ष | रु.१०,०००।- | |
| ४ | कार्यरत महिला स्वास्थ्य स्वयंसेविका बिमा सहायता | प्रति वर्ष/प्रति परिवार | रु १,७५०।- | |

आज्ञाले

**लेखनाथ पोखरेल**

प्रमुख प्रशासकीय अधिकृत